काभ्रेपलान्चोक जिल्लाको छत्रेबाझमा निर्धन उत्थानलघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष २० गतेदेखि २२ गतेसम्म काभ्रे जिल्लाको छत्रेबाँझमा **“ब्यवसायिक तरकारी खेती तालिम”** सम्पन्न गरेको संस्थाका शाखा कार्यालयका शाखाप्रमुख श्री शरद चन्द्र घिमिरेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री मिना पौडेल, श्री रेशम बहादुर दाहाल, श्री शारदा तिमल्सिना, शाखाप्रमुख श्री शरद चन्द्र घिमिरे र क्षेत्रीय प्रमुख श्री लक्ष्मीपती काफ्ले रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री लक्ष्मीपती काफ्लेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको छत्रेबाझ शाखाका प्रमुख श्री शरद चन्द्र घिमिरेले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता, ब्यवसायीक साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।



तरकारी खेती एक परिचय, हिउँदे तरकारी खेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गाँठ गोबी), करेसाबारीको परिचय र महत्व, साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि, तरकारीको नर्सरी बनाउने तरीका, लहरे तरकारी खेतीप्रविधि (लौका, काको, फर्सी, करेला, घिरौला, जरे तरकारी (मुला, गाजर, सलगम) र कोसे तरकारी (सिमि, बकुला, बोडी, केराउ) खेती प्रविधि, तरकारी खेतीमा मलखादको प्रयोग, सिंचाई तथा ब्यवस्थापन, सागबाली खेती र बेमौसमी तरकारी खेती प्रविधि, तरकारी बालीमा लाग्ने रोग तथा कीराहरुको जानकारी तथा

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

बिषादी व्यवस्थापन, तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन (कसरी बढी मूल्यपार्ने) तथा बजार व्यवस्थापन लगायतका बिषयहरुमा बिशेषज्ञ प्रविधिकहरु मार्फत तालिम प्रदान गरिएको थियो । बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदिबारेमा समेत यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको छत्रेबाभ्क शाखाका प्रमुख श्री शरद चन्द्र घिमिरेले बताएका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री लक्ष्मीपती काफ्लेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री कमला आचार्य र श्री मनकुमारी राईले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरी ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

संस्थाले २०७६ पौष मसान्त सम्ममा ३ लाख ६४ हजार ९३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ असोज मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब ५१ करोड रहेको छ भने ग्राहक सदस्यहरुका १२ अरब ३२ करोड बचत परिचालन गरेको छ । ब्यवसायिक तरकारी खेती गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाको क्षे.का. काठमाण्डौका क्षेत्रीय प्रमुख श्री लक्ष्मीपती काफ्लेले जानकारी गराएका थिए ।





Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 